प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०१४४
वेभसाइट : palpa.akc.gov.np

## कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७९।८० मा संचालन हुने विभिन्न कार्यक्रमहरु बारे सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७९।०५।२०**

कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७९।८० मा संचालन हुने तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (२०७९/६/९ गते) कार्यालय समयभित्र आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव सहित पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको सूचना पाटी वा **Website: palpa.akc.gov.np** बाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिलः

| क.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | आवेदनको लागि योग्य आवेदक | अनुदानको सीमा | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान |
|---|---|---|---|---|---|---|
| १. | मागमा आधारित कृषि विकास कार्यक्रम | आवेदकले माग गरेका बाली/बस्तुको उत्पादन तथा प्राथमिक प्रशोधनसंग सम्बन्धित क्रियाकलापहरु | देहायका बालीबस्तुमा तपसिल बमोजिमको न्यून्तम मापदण्ड पुरा भएको हुनुपर्ने<br>बाली/बस्तुको – परिमाण<br>च्याउ (के.जी बीउ प्रयोग) – १००<br>तरकारी खुल्ला (रो) – ६<br>फलफूल (थप रो) – १०<br>संरक्षित संरचनामा तरकारी वा पुष्पखेती (थप वर्ग मी) – ५५<br>दलहन/तेलहन (रो) – २०<br>रैथाने बाली (रो) – २०<br>आलु खेती (रो) – १०<br>कुरिलो खेती (थप रो) – २ | कृषक/ कृषक समूह /निजी उद्यमी /कृषि सहकारी | • यन्त्र उपकरण/अन्य सामग्रीको हकमा ५०%<br>• बीउबिजन तथा पूर्वाधार निर्माणमा ७५%<br>• प्रति आयोजना बढीमा रु १ लाख | पाल्पा जिल्लाभरी |

कामना अधिकारी
प्रमुख
अधिकृत स्तर नवौं तह

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०१४४
वेभसाइट : palpa.akc.gov.np

<table>
<tr><td>२.</td><td>बालीवस्तु विशेष प्रवर्द्धन कार्यक्रम</td><td>आबेदकले माग गरेका बाली/बस्तुको उत्पादन सामग्रीहरु, उपकरणहरु, संकलन तथा प्राथमिक प्रशोधन सामग्रीहरु र पूर्वाधार सुधार वा निर्माण गर्ने कियाकलापहरु</td><td>सामुहिक वा एकल रुपमा देहायका बाली/बस्तुहरु एकै कलस्टरमा तपसिल बमोजिमको न्यून्तम मापदण्ड पुरा भएको हुनुपर्ने<table><tr><td>बाली/बस्तुको</td><td>परिमाण</td></tr><tr><td>मौरी गोला सहित (थप घार)</td><td>१००</td></tr><tr><td>प्लास्टिक घरमा खेती मल्चिङ ड्रिप सहित (वर्ग मी)</td><td>३००</td></tr></table></td><td>कृषक समूह /निजी उद्यमी /कृषि सहकारी</td><td>यन्त्रउपकरण/अन्य सामग्रीको हकमा ५०%, निजी पूर्वाधारको हकमा ५०%, बीउ बिजन र सामुदायिक पूर्वाधार निर्माण को हकमा ७५%<table><tr><td>बाली/बस्तु</td><td>रकम रु</td></tr><tr><td>मौरी</td><td>१लाख प्रति ५० (गोला सहित)</td></tr><tr><td>प्लास्टिक घरमा खेती</td><td>१लाख प्रति ३००वर्ग मी</td></tr></table></td><td>पाल्पा जिल्लाभरी</td></tr>
<tr><td>३.</td><td>तरकारी प्रवर्द्धन कार्यक्रम (रैनादेवी छहरा-७)</td><td>आबेदकले माग गरेका बाली/बस्तुको उत्पादन सामग्रीहरु, उपकरणहरु, संकलन तथा प्राथमिक प्रशोधन सामग्रीहरु र पूर्वाधार सुधार वा निर्माण गर्ने कियाकलापहरु</td><td>सामुहिक वा एकल रुपमा एकै क्लस्टरमा कम्तिमा ४० रोपनी खेति गर्नुपर्ने</td><td>कृषक समूह /निजी उद्यमी /कृषि सहकारी</td><td>यन्त्रउपकरण/अन्य सामग्रीको हकमा ५०%, निजी पूर्वाधारको हकमा ५०%, बीउ बिजन र सामुदायिक पूर्वधार निर्माणको हकमा ७५%<table><tr><td>बाली/बस्तु</td><td>रकम रु</td></tr><tr><td>तरकारी</td><td>१ लाख प्रति हेक्टर</td></tr></table></td><td>रैनादेवीछहरा गाउपालिका वडा नं ७</td></tr>
</table>

कामना अधिकारी
प्रमुख
अधिकृत स्तर नवौं तह

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०१४४
वेबसाइट : palpa.akc.gov.np

**कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७९ अनुसार संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूची - ३४ अनुसारको निवेदन (मागमा आधारित कृषि विकास कार्यक्रमको लागि अनुसूची-३८) तथा अनुसूची ३६ अनुसारको व्यवसायिक कार्ययोजना ।

२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । (कृषक तथा कृषक समूहको हकमा छुनौट भएमा सम्झौता पूर्व स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने)

३. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

४. कृषक समूह/कृषि सहकारी जस्ता सामुहिक आवेदकको हकमा कार्यक्रममा अनुदान माग गर्ने निर्णय साथै कार्यक्रममा सहभागी हुने कृषकहरु, क्षेत्रफल वा क्रियाकलाप प्रस्ट खुलेको निर्णयको प्रतिलिपि ।

५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

६. जग्गाधनि दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा १५ वर्षको करार पत्र

७. अनुसूची ४१ अनुसार दोहोरो अनुदान नलिएको स्वघोषणा ।

नोटः थप जानकारीको लागि ०७५५२०१४४ वा ९८५७०६५००६ मा सम्पर्क गर्नुहोला।

कामना अधिकारी
प्रमुख
अधिकृत स्तर नवौं तह